नेपाल सरकार
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

# चमेना गृह संचालन गर्ने सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२४)**

**सूचना नं. District Administration canteen/01/081-82**

जिल्ला प्रशासन कार्यालय, लमजुङको हाताभित्र कर्मचारी र सेवाग्राहीहरुको लागि सुपथ मुल्यमा गुणस्तरीय खाना तथा खाजा उपलब्ध गराउन चमेना गृह संचालन गर्नुपर्ने भएकोले यो सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको ईच्छुक फर्म वा संस्थाले मिति २०८२-०३-२४ गते देखि २०८२-०४-१२ गते अपरान्ह ५:०० बजेसम्म आर्थिक प्रशासन शाखामा रु १,०००/- (पछि फिर्ता नहुने गरी) राजस्व दाखिला गरी दरभाउपत्र सम्बन्धि कागजात प्राप्त गर्न सकिनेछ।

| दरभाउपत्र नं. | विवरण | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र जमानत रकम | पेश गर्ने अन्तिम मिति र समय | फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| District Administration Canteen/01/081-82 | चमेनागृह (Canteen) संचालन | रु.१,०००/०० (अक्षरेपी एक हजार मात्र) | १०,०००/-(अक्षरेपी दश हजार मात्र) को.ले.नि.का को नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक बेसीशहरको खाता नं ३०४०१००१०२०३०००० मा जम्मा गर्नुपर्ने। | २०८२/०४/१३ दिनको १२:०० बजे सम्म। | २०८२/०४/१३ दिनको २:०० बजे |

सूचनाको विस्तृत विवरण यस कार्यालयको वेवसाईट www.daolamjung.gov.np हेर्न र यस कार्यालयको सम्पर्क नम्बर ०६६-५२०१३४ र ०६६-५२०१३३ वा आर्थिक प्रशासन प्रत्यक्ष उपस्थित भई बुझ्न सकिनेछ।

२०८२/०३/२४
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

प्रशासकीय अधिकृत

**<u>शर्तहरु:</u>**

१. दरभाउपत्र फाराम जिल्ला प्रशासन कार्यालयको आर्थिक प्रशासन शाखाबाट मिति २०८२/०३/२४ गते देखि २०८२/०४/१२ गते अपरान्ह ५.०० बजेसम्म रु १,०००/-( पछि फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।

२. रित पूर्वक दर्ता भएका दरभाउपत्रहरु यो दरभाउपत्र प्रकाशित मितिले २२ औं दिनको कार्यालय समयमा दिनको २:०० बजे (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) सम्बन्धित दरभाउपत्र दाताहरुको रोहवरमा (उपस्थित नभए पनि खोलिने) जिल्ला प्रशासन कार्यालय, लमजुङमा खोलिनेछ ।

३. छनौट भएको दरभाउपत्र दाताले सम्झौता गर्न आउँदा धरौटी रकम बापत आफूले कबोल गरेको ५(पाँच) महिनामा हुने भाडा बराबरको रकम को.ले.नि.का, लमजुङको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, बेसीशहर शाखामा रहेको धरौटी खाता नं. ३०४०१००१०२०३०००० मा जिल्ला प्रशासन कार्यालयको कार्यालय कोड नं. ३१४९२३७०१ उल्लेख गरी जम्मा गर्नुपर्नेछ ।धरौटी रकम सम्झौता अवधि समाप्त भएपश्चात फुकुवा गरिनेछ। चमेनागृह संचालनको बखत अनुगमन समितिले अनुगमन गर्दा चमेनागृह संचालनकर्ताले कुनै बेमनासिव र सम्झौता विपरितको कार्य गरेको प्रमाणित भएमा सो धरौटी रकम जफत गरी सम्झौताको अन्त्य गरिनेछ ।

४. दरभाउपत्र दाताले कबोल गरेको इकाई दररेट तथा कूल रकम अंक र अक्षरमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ।दररेटमा उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेट अनुसार हुने कुल रकम कायम गरिनेछ।

५. दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार जिल्ला प्रशासन कार्यालयमा सुरक्षित रहनेछ।

६. अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

७. दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

८. चमेनागृह सञ्चालन सम्झौता अवधि वि.स.२०८२ भाद्र १ गते देखि २०८४ असार मसान्त सम्मको लागि गरिनेछ। काम सन्तोषजनक भएमा मात्र सम्झौता अवधिमा १ वर्ष थप गर्न सकिनेछ ।थप एक वर्षको लागि म्याद थप हुने भएमा अघिल्लो वर्षको भाडादरलाई आधार मानी १० प्रतिशतका दरले चमेनागृह भाडादर वृद्धि गरिनेछ ।तर खाना/खाजामा कबोल गरेको दररेटमा वृद्धि हुनेछैन ।

९. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ।

प्रशासकीय अधिकृत